लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिराहा
प्रदेश नं. २, नेपाल

# मोटरसाइकल आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७५/०७/०८ गते)

यस नगरपालिकालाई आवश्यक पर्ने तपसिलमा उल्लेखीत सवारी साधन सिलबन्दी बोलपत्र मार्फत खरिद गनुपर्ने भएकोले उत्पादक कम्पनी वा तिनीहरुका नेपालमा रहेका आधिकारिक बिक्रेता (Importer) ले मात्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

०१. यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसार को तपसिलमा उल्लेखित वोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

०२. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ।

०३. बोलपत्र फारमसाथ जमानत वापतको रकम यस नगरकार्यपालिका कार्यालयको नाममा ने.बै.लि., लहान शाखामा रहेको धरौटी खाता नं. ०३६०३००००००००३००००००२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पश्चातकोलाई मान्यता दिइनेछ।

०४. दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरु अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाँधा पर्नेछैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

०५. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

०६. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

०७. बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टांस गरि नगरपालिकाको वेवसाइट समेतमा राखिनेछ।

०८. खरिद प्रकृया सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित)तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ।

०९. बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस नगरपालिका कार्यालयमा कार्यालय समय सम्म सम्पर्क गर्न सकिने छ। साथै विस्तृत स्पेसिफिकेशन बोलपत्र फाराम साथ संलग्न रहने छ।

तपसिल

| बोलपत्र/ठेक्का नं. | आपूर्ति गर्ने सवारीसाधन को नाम | General Specification | संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|
| ०१/२०७५/०७६ (बस्तु खरिद) | मोटरसाइकल | 4 stroke, Air Cooled-Petrol engine, 150 (+/-) 1% CC, Maximum net power not less than 14 PS at governed rpm and maximum torque outpur not less than 13 nm at governed rmp Front:disc, Rear:disc, Nepal Mass Emission Standard-2059, Euro VI preferred. | २४ (चौविस) थान | ३०००/- | १,५०,०००/- |

२०७५/०८/०६

प्रमुख प्रशासकिय अधिकृत

श्रीमान्, उपरोक्त बमोजिमको सूचना प्रकाशन हुन सिफारिस गर्दछौं

०७५/०८/०६

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner